५. समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्न व्यवस्था मिलाउनु पर्नेछ ।

६. विगतमा रे.न.पा.भित्र सहकार्य गरी विधि सम्मत रुपमा सञ्चालित टोल विकास संस्था/समितिहरु यस कार्यविधिको अधिनमा रही पहिलो पटकलाई स्वतहः दर्ताको प्रक्रियामा आई साही टोल विकास सस्थाले मान्यता पाउने छन् ।

७. नगर सरसफाइमा काम गरिरहेका संस्थाहरु र नगर पालिकाविच सम्झौता गरी यो कार्यविधि अनुरुप लागत साझेदारी तथा सहकार्य र समन्वयमा नगर सरसफाई तथा सौन्दर्यीकरणको काम अगाडि वढ्न सक्नेछन ।

## ४. दर्ता/सूचिकृत

**टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः**

१. टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित वडा समितिको कार्यालयमा दर्ता/सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई वडा कार्यालयमा दर्ता/ सूचिकृति गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूचि-२ मा उल्लेख गरिएकोछ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित वडा कार्यालयले अनुसूचि-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ । तर विगतमा सञ्चालन भएका टोल विकास संस्थाहरुको दर्ता/सूचिकृत, संस्था दर्ता प्रमाण-पत्र प्रदान एक पटकको लागि नगरपालिकाले गर्ने छ ।

२. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्ने नपाउने कार्य गरेमा वडा कार्यालयको सिफारिसमा नगरपालिकले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

३. वडाभित्र दर्ता भएका टोल विकास संस्थाहरुको विवरण दर्ता भएको ७ दिन भित्र नगरपालिकामा उपलब्ध गराई अद्यावधिक गर्नुपर्नेछ ।

## ५. टोल विकास संस्थाको कार्यहरु

टोल विकास सस्थाले आफ्नोटोल क्षेत्रकोसमग्र र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

१. टोलमा धनि, गरिबको भावना हटाई सबै सदस्यहलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३. टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

४. टोलमा सडक ढल लगायतका पूर्वाधार विकासका लागि सोको प्रयोग वापत लाभग्राहीबाट नगरपालिकाको सहमतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिन सक्ने।

५. टोलको विकासका लागि बिभिन्न स्रोत बाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्न व्यवस्था मिलाउने,

६. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना बनाउने।

७. एच.आई.भी./एड्स, छुवाछुत, अन्धविश्वास, कुप्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

